# गौशाला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, महोत्तरी

### आर्थिक वर्ष २०८०/०८१

# नीति तथा कार्यक्रम

## २०८० असार १५ गते

## गौशाला नगरपालिका

**महोत्तरी**

**मधेश प्रदेश, नेपाल**

**www.gaushalamun.gov.np**

## गौशाला नगरपालिकाको आ. व. २०८०/८१ को नीति तथा कार्यक्रम

*प्रमुख अतिथि ज्यू,*

*बिशेष अतिथि ज्यूहरू,*

*अतिथि ज्यूहरु,*

*नगरसभाका सदस्यज्यूहरु,*

*पत्रकारज्यूहरु,*

*उपस्थित सबै कर्मचारीहरु*

तथा हाम्रो निमन्त्रणालाई स्वीकार गरी बार्षिक नगर विकास योजनामा महत्वपूर्ण राय सुझाव दिन उपस्थित हुनुभएका नगर प्रेमी सम्पुर्ण नगरवासीहरु प्रति हार्दिक कृतज्ञता तथा आभार प्रकट गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्राप्त उपलब्धीको रुपमा नेपालको संविधानले गरेको व्यवस्था बमोजिम २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट दोस्रो कार्यकालका लागि स्थानीय सरकार गठन भई वर्तमान निर्वाचित जनप्रतिनिधिहरुको दोस्रो वर्षको रुपमा यस नगरपालिकाको दशौं नगरसभामा आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुतीको लागि यहाँहरु समक्ष उपस्थित भएको छु ।

यस घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको चरणमा भएका विभिन्न सामाजिक तथा राजनैतिक अन्दोलनहरुमा जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। नेपालको एकीकरणदेखि नै नेपाललाई एक अटल एवं स्वाधीन राष्ट्रको रुपमा राख्ने हाम्रा वीर पुर्खाहरु र राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको लागि कठोर संघर्ष गर्ने हाम्रा अग्रजहरुलाई उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

यो नगरपालिका लोकतन्त्रका न्यूनतम आधारभूत मूल्य मान्यता बहुलवादी खुला समाज, मानव अधिकार, लोकतन्त्र, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरवासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

प्राविधिक दृष्टिले उपयुक्त, सामाजिक रुपमा सन्तुलित एवम् राजनैतिक रुपमा स्वीकार्य विकास प्राप्तिका लागि समन्वय कायम गर्दै विकासका साझा गन्तव्य/प्राथमिकता चयन गर्नुपर्ने विशिष्ट अवस्था, नगरवासीहरुको सन्तुलित विकास एवम् सेवा प्राप्ति प्रतिको बढ्दो अपेक्षाको सम्बोधन, मुलुकमा सिर्जित प्रतिकूल आर्थिक अवस्थाले राजस्व परिचालनमा पारेको प्रभाव, सिमित आन्तरिक स्रोत र संघीय अनुदानमा भएको गिरावट समेतको पृष्ठभूमीमा आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेट यस गरिमामय सभामा प्रस्तुत गर्न गईरहेको छु ।

नेपाली नागरिकको अथक मेहनत र गौरवपूर्ण बलिदानीबाट प्राप्त संविधान बमोजिम सार्वभौम जनताको चयनमार्फत निर्वाचित प्रतिनिधिबाट गठन भएको नगरपालिका नगरवासीहरुको आधारभूत हक तथा अधिकारप्रति सचेत रहँदै नगरको समग्र विकासको लागि कडा मेहनत गर्ने यस नगरका नगर कार्यपालिका तथा नगरसभा सदस्यहरुको समन्वय एवं सहमतिमा गौशाला नगरपालिकाको समग्र विकास निर्माणको लागि मन, वचन र कर्मले लागि पर्ने व्यहोरा सम्पूर्ण नगरवासीलाई विश्वास दिलाउन चाहन्छु । साथै विकास निर्माण तथा जनतासंग सरोकारका हरेक क्षेत्रमा नगरसभा सदस्य तथा राजनीतिक दलहरुबाट हुने सहयोगको अपेक्षा गर्दै हाल सम्म यहांहरुले गर्नु भएको योगदानको लागि आभार व्यक्त गर्न चाहन्छु।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

अब म आर्थिक वर्ष २०७९/०८० मा यस नगरपालिकाको वार्षिक कार्यक्रमहरु कार्यान्वयनका क्रममा प्राप्त उल्लेखनीय उपलब्धीहरुको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक वर्ष २०७९/०८० को वार्षिक कार्यक्रमको उल्लेखनीय उपलब्धीहरु:**

**पूर्वाधार निर्माण तर्फ:**

(क) वडा नं ३ मा निर्माणाधीन पचाईन पोखरी पार्कको निर्माण कार्य सम्पन्न भएको ।

(ख) वडा नं १२ मा निर्माणाधीन गौशाला प्राविधिक शिक्षालयको निर्माण कार्य सम्पन्न भएको ।

(ग) ढलान सडक ३.५ कि. मी. सम्पन्न भएको ।

(घ) ग्राभेल सडक ३ कि. मी. सम्पन्न भएको ।

(ङ) चालु आ.व.मा सम्झौता भई निर्माणाधीन रहेका योजनाहरु :

- प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल निर्माण,
- निगौल मा.वि. भवन निर्माण र भरतपुर माविमा ट्रष्ट निर्माण,
- त्रिभुवन मा.वि. भवन निर्माण,
- एग्रो कलेक्सन सेन्टर निर्माण,
- ईटाटारमा ५०० मिटर सडक कालोपत्रे,
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत मा.वि. निगौल र मावि कान्तिबजार भवन निर्माण,
- गौशाला बजारमा शौचालय निर्माण ।

(च) क्रमागत योजनाहरु :

- गौशाला ईन्जिनियरिङ्ग कलेज भवन निर्माण
- कोल्ड स्टोर निर्माण

**कृषि विकास तर्फ:**

(क) सिचाईको लागि बोरिंग मेशिन खरिदको लागि टेन्डर आव्हान गरिसकेको ।

(ख) ५० प्रतिशत अनुदानमा गहुँको उन्नत बिउ वितरण कार्यक्रम गरिएको ।

(ग) नगर स्तरीय च्याउ खेती कार्यक्रम गरिएको ।

(घ) मकै तथा तरकारी पकेट कार्यक्रम गरिएको ।

(ङ) ५० प्रतिशत अनुदानमा कृषि उपकरण स्प्रेयर वितरण गरिएको ।

(च) उखु पकेट क्षेत्रमा स्यालो ट्युबवेल जडान कार्यक्रम प्रक्रियामा रहेको ।

(छ) किसान सूचीकरण कार्यक्रम प्रकियामा रहेको ।

(ज) कृषि स्नातकको भर्ना गरिएको ।

**पशु विकास तर्फ:**

(क) कृत्रिम गर्भाधान मिसन कार्यक्रम सम्पन्न भएको ।

(ख) विभिन्न जातको हिउँदे तथा वर्षे घाँसको बिउ वितरण सम्पन्न भएको।

(ग) विभिन्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएको ।

(घ) पि.पि.आर., एफ. एफ. डी. तथा एच. एस. एण्ड वि. क्यु. खोप कार्यक्रम गरिएको ।

(ङ) पशुहरुको नियमित उपचार सेवा निरन्तर भईरहेको ।

(च) पशु चिकित्सकको भर्ना गरिएको ।

**न्याय सम्पादन तर्फ:**

(क) चालु आ. व. मा दर्ता भएका उजुरी संख्या जम्मा १०४ वटा

(ख) अदालती प्रक्रियामा गएका जम्मा १८ वटा

(ग) पहिलो चरण छलफल भई फछ्र्यौंट हुन बाँकी जम्मा ४
(घ) फछ्र्यौंट वा निर्णय भैसकेका जम्मा १२
(ङ) निर्णयको प्रक्रियामा रहेका जम्मा ७०

**लैङ्गिक समानता तथा सामाजिक विकास तर्फः**

(क) चालु आ. व. मा अपाङ्गता परिचयपत्र वितरण ३ पटक गरिएको ।
(ख) १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियान समयमै सञ्चालन गरिएको ।
(ग) अन्तर्राष्ट्रिय महिला दिवश समुदाय तथा सरोकारवालाहरुको सहकार्यमा मनाइएको ।
(घ) अपाङ्गता सहायत सामाग्री वितरण सम्पन्न गरिएको ।
(ङ) सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया अनुसार निरन्तर भैरहेको ।

**शिक्षा तर्फः**

(क) विद्यालयको लागि पाठ्यपुस्तक खरिद तथा निशुल्क वितरण गरिएको ।
(ख) शैक्षिक क्यालेण्डर निर्माण भएको ।
(ग) अतिरिक्त क्रियाकलाप (नगरस्तरीय हाजिरी जवाफ) सञ्चालन गरिएको ।
(घ) इमिस तालिम सञ्चालन भएको ।
(ङ) नगर स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न ।
(च) नगर स्तरीय कराँते प्रतियोगिता सम्पन्न ।
(छ) ४६ जना नगर अनुदानमा शिक्षक पदपूर्ति गरिएको ।
(ज) निशुल्क छात्रवृत्ति, पाठ्यपुस्तक, दिवा खाजा लगायतका अन्य अनुदानको निकाशा दिइएको ।

अब म आगामी आ.ब. २०८०/०८१ को लागि गौशाला नगरपालिकाले विभिन्न क्षेत्रमा अख्तियार गर्ने बजेट, नीति तथा कार्यक्रम यस सम्मानित सभाको उद्घाटन समारोहमा आदरणीय महानुभावहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

## सामाजिक विकास

**"सबैको लागि गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"** भन्ने आदर्श वाक्यका साथ गौशाला नगरपालिकाले शिक्षा युवा तथा खेलकुद क्षेत्रमा निम्न बमोजिमको नीति अबलम्बन गर्नेछ ।

### १. शिक्षा, यूवा तथा खेलकुद :

- "बेटी पढाउ बालविवाह भगाऊ" नारालाई आत्मसात गरी अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- गौशाला नगरपालिकामा शैक्षिक अवस्थामा सुधार ल्याउन सामुदायिक विद्यालयहरूमा आवश्यक शिक्षकहरूको व्यवस्थापन गरिनेछ ।
- मदर्शा शिक्षालाई विशेष व्यवस्थापन गरिनेछ ।
- अपाङ्ग विद्यार्थीहरुको लागि उचित स्थानमा छात्रावासको व्यवस्थापनतर्फ विशेष जोड दिइनेछ ।
- वडाभित्रका विद्यालयहरुलाई पूर्ण रुपमा व्यवस्थित बनाई विद्यालयको भौतिक सौन्दर्यीकरण गरिनेछ ।
- शिक्षक विद्यार्थी र अभिभावकको त्रिपक्षीय सहयोगमा मासिक रुपमा विद्यालयको रुपाङ्कन गर्ने र सोको अनुगमन समेत गरिनेछ ।
- विद्यालय जानबाट वञ्चित विद्यार्थीलाई विद्यालयसम्म पुर्याउने र सामुदायिक विद्यालयतर्फ अभिभावकको आकर्षण बढाउन अभिभावकलाई सहयोग कार्यक्रमको व्यवस्था गरिनेछ ।
- अति विपन्न र दलित परिवारका बालबालिकालाई विशेष सहयोगमा विद्यालय शिक्षा दिइने नीति अवलम्बन गरिनेछ ।

- आर्थिक तथा सामाजिक रुपमा पिछडिएका विद्यार्थीका लागि छात्रवृत्ति कोष स्थापना गरिनेछ ।
- स्थानीय पाठ्यक्रम विकासमा दलित सवाल, व्यक्तित्व र जातीय भेदभाव विरुद्धका पाठहरु समावेश गर्न पहल गरिनेछ ।
- विद्यालयमा भर्ना भएका विद्यार्थीको निरन्तर उपस्थिति सुनिश्चित गर्न तत्काल योजना शुरु गरिनेछ ।
- "पढ्दै कमाउँदै" प्रदेश सरकारको नीतिलाई स्थानीयकरण गर्दा आर्थिक तथा सामाजिक रुपमा पिछडिएका विद्यार्थी लक्षित गरिनेछ ।
- श्री राष्ट्रिय कान्तिबजार क्याम्पस र गौशाला बहुमुखी क्याम्पसको सञ्चालन र व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- गौशाला नगरपालिका अन्तर्गतका गौशाला बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययन गर्ने गौशाला नगरपालिका भित्रका अति विपन्न विद्यार्थीहरूको शैक्षिक शुल्क वापतको रकम नगरपालिकाबाट सहुलियत प्रदान गरिनेछ ।
- गौशाला बहुमुखी क्याम्पसको आफ्नै भवन निर्माणको लागि सम्बन्धित निकायसंग समन्वय गरी बजेट व्यवस्थापन गर्नुका साथै बि. बि. ए. र बि. सि. ए. लगायतका थप विषयहरु सञ्चालनका लागि नगरपालिकाबाट बजेटको व्यवस्थापन गरिनेछ ।
- कान्तिबजार राष्ट्रिय मा. वि. को स्वामित्वमा रहेको नदि उकाशको २२ बिघा जग्गामा पर्यटकीय संभावनालाई अगाडि बढाउनका लागि सो जग्गाको EIA गरी कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।
- सम्पूर्ण विद्यालयहरुमा महिनावारी कर्नर तथा महिनावारीमैत्री शौचालयको व्यवस्थापन कार्यलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- सम्पूर्ण सामुदायिक विद्यालहरुमा नर्सको व्यवस्थाका लागि उचित पहल गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा कक्षाकोठाको समस्यालाई सम्बोधन गर्दै आवश्यकता अनुसारको कक्षाकोठाहरु व्यवस्थापन गर्दै लगिनेछ ।
- विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभा प्रष्फुटनका लागि सबै विद्यालयमा अतिरिक्त क्रियाकलापहरुलाई उच्च महत्वका साथ कार्यान्वयनमा ल्याइने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका स्तरीय विभिन्न खेल कपको आयोजना गरी खेलकुद मार्फत युवाहरुको व्यक्तित्व विकासका साथै राष्ट्र विकासमा महत्वपूर्ण योगदान दिन सक्ने जनशक्ति विकास गर्न नगरलाई अग्रसर गरिनेछ ।
- गुणस्तरीय तथा व्यवस्थित खेलकुदका लागि खेल मैदानहरुलाई व्यवस्थित बनाउँदै लगिनेछ ।
- नगरभित्र रिफ्रेसमेन्ट पार्क तथा OPEN GYM को स्थापना गरिनेछ ।
- शिक्षालाई गुणस्तरीय तथा प्रविधिमैत्री बनाउने नीति लिईनेछ ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरि कम्तिमा ३ वटा वडालाई साक्षर वडा घोषणा गरिनेछ ।
- सबै सामुदायिक विद्यालयमा नर्सरी, केजी, कक्षा १ र २ लाई अंग्रेजी माध्यममा अध्ययन अध्यापन गराउने नीति लिईनेछ।
- नगरको सामाजिक, सास्कृतिक, ऐतिहासिक विषयवस्तु समेटी कक्षा १ देखि कक्षा ८ सम्म क्रमिक रुपमा लागु हुने गरि स्थानीय पाठ्यक्रम बनाईनेछ ।
- बाल मैत्री बाल कक्षा संचालनका लागि व्यवस्थित शौचालय र खानेपानीसहित एक आधारभुत र एक माध्यमिक तहको विद्यालयमादुई कोठे के. जी. ब्लक पक्कि भवन बनाईनेछ ।
- सबै आधारभूत तहका विद्यालयमा सौचालय, खानेपानी र कम्पाउण्ड बनाईनेछ ।
- सबै माध्यामिक तहका विद्यालयमा भौतिक सरंचना सुधार कार्य गरिनेछ ।
- आवश्यकता र औचित्यताको आधारमा विद्यालय मर्ज र तह मर्ज गर्ने नीति लिइनेछ ।
- शैक्षिक गुणस्तर अभिवृद्धि योजना र कार्यन्वयनको आधारमा विद्यालयहरुलाई शैक्षिक व्यबस्थापन अनुदान दिने नीति लिइनेछ ।
- क्षमता बिकासका लागि शिक्षक तालिम संचालन गरिनेछ ।
- गणित, लेखा, विज्ञान, कम्प्युटर र अंग्रेजी विषयका अपुग शिक्षक परिपूर्ति गर्न नगर अनुदान शिक्षक तथा आंशिक स्वयम् सेवक शिक्षकको व्यबस्था गरिनेछ ।

- नगर शिक्षालाई व्यवस्थित गर्न आवश्यक कानून तर्जुमा गरिनेछ ।
- संघ संस्थासंग साझेदारीमा विभिन्न शैक्षिक कार्यक्रम संचालन गरिनेछ ।
- कार्य सम्पादनमा उत्कृष्ट शिक्षकलाई सम्मान गरिने नीति लिईनेछ ।
- युवाहरुका लागि विभिन्न खेलकुद तथा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- सुन्दर विद्यालय निर्माणका लागि हरित विद्यालय योजना लागु गरिनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयमा नियमित स्वास्थ्य जाँच गरिनेछ ।
- सामुदायिक विद्यालयका प्र. अ. भत्ता मा. बि. ५०००, आधारभूत (नि. मा. बि.) ३००० र आधारभूत (प्रा. बि.) २००० को दरले प्रदान गरिनेछ ।
- हरेक वर्ष वार्षिक परीक्षाको नतिजा विश्लेषण गरि दण्ड र पुरस्कारको नीति लिईनेछ ।
- सामुदायिक र सस्थागत विद्यालयका शिक्षकहरुको अनुभव आदान प्रदान गरि शैक्षणिक क्रियाकलापलाई विकास गर्ने नीति लिईनेछ ।
- सम्पूर्ण सामुदायिक विद्यालय एकै रंगरोगन बनाउने गरी आवश्यक व्यवस्थापन गरिनेछ ।
- इन्जिनियरिङ्ग क्याम्पस र गौशाला प्राविधिक शिक्षालयमा आवश्यक पूर्वाधार विस्तार गरी थप संकायहरु समेत सञ्चालन गरिनेछ ।

## २. स्वास्थ्य :

- निशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई सञ्चालनमा ल्याइनेछ । गौशाला नगरपालिका भित्रका ७०० जना अतिविपन्न व्यक्तिलाई निशुल्क स्वास्थ्य बिमा गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा सञ्चालनार्थ सुविधा सम्पन्न आवाशीय भवन निर्माण, दक्ष जनशक्तिको व्यवस्थापन, औषधी, जाँच उपकरणको व्यवस्थालाई उच्च प्राथमिकतामा राखिनेछ ।
- दिपेन्द्र बजारमा रहेको स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर सञ्चालनमा ल्याइनेछ ।
- नगरका सबै वडाहरुलाई पूर्ण खोपयुक्त बनाउन तथा खोप कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि स्वास्थ्य स्वयंसेविकाहरुका लागि विशेष सुविधा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।
- नगरवासीको स्वास्थ्य सेवामा सहज पहुँचका लागि एम्बुलेन्स सेवालाई व्यवस्थित गर्न कार्यविधि बनाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- आवश्यकता अनुसार एम्बुलेन्सको खरिद गरी २४ घण्टा एम्बुलेन्स सेवा सुचारु रहने नीति अपनाइनेछ ।
- स्वस्थ नगरको परिकल्पना बमोजिम नगरमा सामुदायिक स्वास्थ्य कार्यक्रम लागु गरी नगरवासीको स्वास्थ्य सेवामा सहज पहुँच बनाइनेछ ।
- प्रा. स्वा. केन्द्र. लाई यसै वर्ष अपरेसन सुविधा सहितको १५ बेडको अस्पतालमा स्तरोन्नति गरी सञ्चालन तथा व्यवस्थापन गरिनेछ साथै उक्त केन्द्रलाई सामुदायिक शिक्षण अस्पतालमा परिणत गर्नका लागि डि. पि. आर. समेत गरिनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई नगरपालिकाको सबै वडाहरुमा प्रभावकारी बनाईने छ ।
- भरतपुर स्वास्थ्य चौकी मा बर्थिङ्ग सेन्टर र प्रयोगशाला सेवालाई निरन्तरता दिइनेछ ।
- नगर पालिका भित्रमा रहेको सबै स्वास्थ्य सस्थाहरु मार्फत online data entery, repoting गराईने छ ।
- Biomedical waste management तथा फोहर मैलाको उचित वयवस्थापन अनिवार्य गरिनेछ ।
- आ. व. २०८०/०८१ मा सबै स्वास्थ्य सस्थालाई Digital स्वास्थ्य संस्था बनाईनेछ ।
- पूर्ण खोप कुपोषण रहित पालिकाको सबै वडा जिरो होम डेलीभेरी कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- गौशाला नगर पालिकालाई क्षयरोग मुक्त नगरपालिका बनाउन विभिन्न कार्यकम सञ्चालन गरिने छ ।
- गौशाला नगर पालिका भित्र योग केन्द्र सञ्चालन गरिनेछ ।
- गाउँघर किलिनिक/खोप क्लिनिक लागि आवश्यक सामाग्री, कोठा, भवन व्यवस्थापन गरिनेछ ।
- विद्यालयमा विभिन्न महामारी रोग सम्बन्धी विद्यालयस्तरीय सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्राथमिकतामा राखी कुपोषणमुक्त नगर पालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ ।
- जेष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य सेवा बीमा कार्यक्रमलाई जेष्ठ नागरिकको घरदैलोसम्म विस्तार गरिनेछ ।
- सबै वडाहरुका गर्भवती महिलालाई स्वास्थ्य प्रोटोकल अनुसार आठ पटक स्वास्थ्य चौकीमा जाँच गर्न प्रेरित गरी नगरकै बर्थिङ्ग सेन्टरमा प्रसुती गराउने व्यवस्था गरिनेछ ।
- सहयोगी सघ सस्थाहरुको समन्वयमा आँखा उपचार केन्द्र स्थापना गरिनेछ ।
- प्राथमिक स्वास्थ्य सेवा केन्द्र गौशालामा पोष्टमार्टम सेवाको विस्तार गरिनेछ ।

**३. खानेपानी तथा सरसफाई :**

- यस नगरभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको व्यवस्थापनका लागि प्रत्येक वडामा जल संरक्षण कार्यक्रम सञ्चालनमार्फत नगरक्षेत्रको पिउने पानीको दिगो समाधान गर्ने नीति लिइनेछ।
- फोहोर मैला व्यवस्थापनको लागि ठोस नीति लिई दिर्घकालिन योजना अनुसार कार्यान्वयन गरिनेछ
- फोहोरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी फोहोरलाई मोहरमा रुपान्तरण गर्न आधुनिक प्रविधिको फोहोर संकलन केन्द्रको स्थापना गरिनेछ र फोहोरबाट प्रांगारिक मल उत्पादन गर्न आवश्यक पहल गरिनेछ ।
- नगर क्षेत्रमा वातावरण प्रदुषणको कारण बनेका तथा आवश्यक वातावरणीय मापदण्ड पूरा नगरेका उद्योगहरूको सन्दर्भमा प्रारम्भिक वातावरणीय परीक्षण गरी उक्त प्रतिवेदनका आधारमा क्रमशः वातावरण प्रतिकूल उद्योगहरुलाई प्रदूषण न्यूनीकरण तथा प्रशोधन सम्बन्धी आधुनिक प्रविधि लागु गर्न प्रेरित गरिनेछ।
- नगरपालिका र नेपाल खानेपानी संस्थानसंग समन्वय गरी एक घर एक धारा अभियान क्रमशः संचालन गर्दै लगिनेछ।
- विपन्न बस्ती तथा सार्वजनिक स्थलहरूमा आवश्यकता अनुसार खानेपानीको लागि ह्यान्ड पम्पको व्यवस्था गरिनेछ ।
- पूर्ण र निरन्तर सरसफाई कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

**४. लैङ्गिक समानता तथा सामाजिक विकास :**

- आर्थिक समृद्धि र दिगो विकासका लागि समान पहुँच र नेतृत्व विकासमा महिलालाई समान पहुँच, अवसर स्थापित गर्न आवश्यक कार्यक्रम संचालन गर्ने नीति ल्याइनेछ।
- जेष्ठ नागरिकले सम्मान सहित बाँच्न तथा सम्मानको वातावरण विकास गर्न ज्येष्ठ नागरिक उद्यान स्थापना गरिनेछ ।
- बालबालिका तथा किशोर किशोरीलाई असल अभ्यासको अनुसरण गर्न तथा विकृती तथा विसंगती र बाल यौन दुर्व्यवहारबाट मुक्त हुने समाजको विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- पहुँचबाट वञ्चित महिलालाई लक्षित गरी सीपमूलक कार्यक्रम ल्याई रोजगारी सृजना गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिलाई साङ्ग जस्तै बाँच्न अपाङ्ग सहायक सामाग्री तथा सीपमूलक तालिम तथा बिउ पूँजी दिई आत्मनिर्भर तथा आत्मविश्वासको वृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ ।
- बालबालिकाहरूमा पोषण आहार, असल आनीबानी र अभिभावक बीचको सुमधुर सम्बन्ध विकास गर्न बाल संवेदनशील अभिभावक कक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- किशोरकिशोरीको आत्मविश्वास अभिवृद्धि गर्न तथा प्रविधिमैत्री बनाउन आवश्यक कार्यक्रम सञ्चालन गर्ने नीति ल्याइनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई सहज रुपमा लाभग्राहीसम्म पुर्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- नगरपालिकामा रहेका सम्पूर्ण महिलाहरुको विवरण सङ्कलन गरी सोही बमोजिम अवस्था आँकलन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- लैंगिक हिंसा अन्त्य गर्न यस संग सम्बन्धित बिभिन्न कार्यक्रमहरू संचालन गरिनेछ ।
- लोकसेवा आयोग को तयारी कक्षाहरू संचालन गरिनेछ ।
- इच्छुक युवा युवतीहरुका लागि प्रहरी तथा नेपाली सेनामा भर्ती सम्बन्धी पूर्व अभ्यास निशुल्क तालिमको सञ्चालन गरिनेछ ।
- गौशाला नगरपालिका भित्रका गरिब परिवारहरूको विवरण संकलन गरी बिभिन्न कार्यक्रममा सहुलियत प्रदान गरिनेछ ।
- बालबालिकाको सर्वाङ्गिण विकास तथा बालमैत्री नगरपालिका बनाउनका लागि आवश्यक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

- ज्येष्ठ नागरिकमैत्री नगरपालिका निर्माणका लागि कार्यक्रम सञ्चालनमा ल्याइनेछ तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई सुदृढीकरण गर्न आवश्यक तालिम सञ्चालन गर्ने नीति ल्याइनेछ ।
- श्रवण विहीन बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको भाषिक सहजता तथा क्षमता अभिवृद्धिका लागि दोभाषे राख्ने नीति सञ्चालनमा ल्याइनेछ ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गिण हित तथा विकासका लागि आवश्यक नीति सञ्चालनमा ल्याइनेछ ।
- सामाजिक रुपान्तरणका लागि जातीय छुवाछूत तथा सामाजिक भेदभाव विरुद्धको अभियान, (सचेतना कार्यक्रम, सहभोज, वक्तृत्वकला प्रतियोगिता, सांस्कृतिक कार्यक्रम, पण्डितहरुको लागि प्रशिक्षण, पण्डितहरुद्वारा प्रशिक्षण, अन्तरजातीय विवाह प्रोत्साहन/सम्मान) कार्यक्रमलाई सञ्चालनमा ल्याइनेछ ।
- जिल्ला स्तरीय न्यायिक एवं कानूनी सहायता कार्यक्रम (हेल्प डेस्क निर्माण गर्ने, संचालन गर्न सहजीकरण गर्ने र अनुगमन टोलि को ब्यबस्था गर्ने) को लागि पहल गरिनेछ ।
- जातीय भेदभाव विरूद्ध जनचेतनामुलक रेडियो कार्यक्रम, पत्रपत्रिका एवं सुचना केन्द्र संचालन गर्दै सामुदायिक सचेतनामा अभिवृद्धिलाई निरन्तरता दिइनेछ ।
- पालिका स्तरमा दलित शसक्तिकरण सम्बन्धी विशेष कानून निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- दलित तथा महिला उद्यमीलाई बिशेष अनुदान, प्रविधी हस्तानान्तरण सहितको सीपमुलक तालिमको व्यवस्था गरिनेछ ।
- पालिकाको दलित लक्षित रणनैतिक योजना निर्माण गर्न श्रोत को बिनियोजन गरिनेछ ।

## आर्थिक विकास

### ५. कृषि र पशुपन्छी विकासः

#### कृषिः

- "खेत खेतमा पानी किसान स्वाभिमानी" नाराका साथ वृहत कृषि विकासका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।
- किसान कृषि बीमा कार्यक्रम नगरभरी लागु गरिनेछ ।
- किसानहरुलाई सिंचाईमा दीगो सहुलियतका लागि किसानहरुसंगको वृहत छलफल तथा सहकार्यमा नगर स्तरीय सिंचाई सम्बन्धी कार्यविधि बनाई कार्यान्वयनमा लगिनेछ ।
- कृषि लागत न्यूनीकरण तथा भरपर्दो कृषि कार्यका लागि कृषि यान्त्रिकीकरणमा जोड दिईनेछ ।
- नगरमा वडा नं १ देखि १२ सम्म कृषि खेतीको लागि तार पोल जडान गर्ने कार्य प्राथमिकताका साथ सम्पन्न गरिनेछ ।
- कृषि उत्पादनको उचित बजार स्थापना गर्न पहल गर्ने नीति लिइनेछ ।
- कृषि उत्पादकत्व वृद्धि गरी नगरलाई आत्मनिर्भर बनाउनको लागि उन्नत जातको खाद्यान्न, दलहन, तेलहन जस्ता अन्य बालीहरुमा पनि अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषि तर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई बजारको प्रतिस्पर्धी बनाउनुका साथै विषादी रहित अर्गानिक खेती र गुणस्तरीय उत्पादनका लागि कृषिका सबै सरोकारवालाहरु (उत्पादक, प्रशोधनकर्ता, व्यापारी) समेतको माग र आवश्यकता अनुसार सम्बोधन गर्ने नीति लिइनेछ ।
- नगर भित्रका वडाहरुलाई उत्पादनको आधारमा एक वडा एक उत्पादनमा जोड दिई व्यवसायीकरणलाई बढावा दिदै कृषि उपभोगमा नगरलाई आत्मनिर्भर बनाई कृषि बस्तु निर्यातमा विशेष जोड दिइनेछ।
- कृषकहरुको सीप अभिवृद्धि र प्रविधिमा पहुँच विस्तार गर्न कार्यक्रमिक र संस्थागत सुधार गरिनेछ।
- गहुँको बिउ वितरण कार्यक्रमलाई प्रभावकारिताका साथ निरन्तरता दिईनेछ ।
- नगर भित्र उत्पादित कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य तोकिने छ र सोही अनुसार बिक्रि मूल्य कायम गर्ने नीति अवलम्बन गरिनेछ ।
- कृषि उत्पादनसँग सम्बन्धित साना तथा मझौला उद्योग स्थापनामा सहयोग गरिनेछ ।

- किसान परिचय पत्र कार्यक्रमलाई विशेष जोड दिई परिचय पत्रको आधारमा व्यवस्थित रुपमा कृषि व्यवसाय गर्नेहरुको लागि व्यवसायिक योजनाका आधारमा सहुलियत ऋण वा अनुदान उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थाहरुसंग समन्वय गरी सहजीकरण गरिनेछ ।
- कृषि तथा पशु विकास तर्फ बिभिन्न गैर सरकारी संस्थाहरूसँग साझेदारीमा कार्यक्रम संचालन गरिनेछ।
- कृषि उपजको सहज चौतर्फी पहुँचका लागि कृषि सडक विस्तार तथा स्तरोन्नतिमा जोड दिइनेछ ।
- वडा नं ११ मा कोल्ड स्टोरको लागि डि पि आर गरिनेछ ।

**पशु तथा मत्स्य विकासः**

- निगौल गाई गौशालाको प्रभावकारी व्यवस्थापनका लागि बजेट विनियोजन गरिनेछ साथै सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानून समेत यसै वर्ष निर्माण गरी कार्यान्वयनमा लगिनेछ ।
- पशु बीमा कार्यक्रमलाई सघन रुपमा विस्तार गर्दै लगिनेछ ।
- यस नगरपालिका भित्र रहेको विभिन्न पशुपंक्षीको संख्या तथा उत्पादन हुने सामग्री जस्तै दूध, मासु जस्ता वस्तुको तथ्याङ्क संकलन गरी पशुपंक्षीको डाटाबेस डिजिटल रुपमा तयार गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।
- नगरभित्र पशु नश्ल सुधार अन्तर्गत कृत्रिम गर्भाधान कार्यक्रमबाट दूग्ध उतपादन वृद्धि गर्न कृत्रिम गर्भाधान सेवालाई निरन्तरता दिईनेछ ।
- कृषकलाई पशु आहारामा लाग्ने खर्च न्यूनीकरण गर्ने उद्देश्यका साथ पशु आहारा सेवा अन्तर्गत घाँसबाली विउ वेर्ना तथा वर्षे तथा हिंउदे घाँसको वितरण गरी कृषक समक्ष पुर्याइनेछ ।
- पशुपंक्षीमा लाग्ने सरुवा तथा संक्रामक रोग जस्तै पि. पि. आर, खोरत, भ्यागुते र स्वाइन फ्यु जस्ता रोगहरु विरूद्ध कृषकको घरदैलोमा गई रोगको खोपसेवा संचालन गरिनेछ ।
- नगरपालिकामा व्यवसायिक रुपमा पशुपालन गर्दै आएका कृषकहरुलाई मध्य नजर गर्दै आवश्यकता बमोजिम कृषि यन्त्रहरु च्यापकटर (कुट्टि काट्ने मेसिन), मिल्किङ्ग मेसिन, दुध संकलन क्यान आदि वस्तु ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने कार्य प्राथमिकतामा राखिनेछ ।
- जिनेटिक रोग तथा अन्य रोगहरुको बारेका जनचेतना जगाउने खालको कार्यक्रमहरु विस्तार गरिनेछ।
- विभिन्न जातका पशुपंक्षी पालनका लागि व्यावसायिक पालन बारे सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ।
- बंगुर/सुंगुर पालनबाट मुसहर र डोम समुदायको अवस्थालाई सुधार गर्ने लक्ष्य सहित उक्त समुदायलाई सामुहिक व्यवसायमा आवद्ध गरी सामुहिक बंगुरपालन फर्म स्थापना गर्ने लक्ष्य लिइएको छ ।
- नगरपालिका अन्तर्गत रहेको व्यावसायिक पशुपालन कृषकहरुलाई प्रोत्साहन तथा हौसला बढाउने लक्ष्य सहित प्रत्येक वडाबाट एक उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गर्ने कार्यक्रम संचालन गरिनेछ।
- नगरभित्र उपचार सेवा नपुगेको ठाउँहरुमा पशु स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ।
- गाई तथा भैसीमा देखिने मुख्य समस्या बाँझोपनलाई निर्मुल गर्न उच्च स्तरीय प्रविधिको प्रयोग गरिनेछ ।

**६. रोजगारः**

- वैदेशिक रोजगारीलाई थप मर्यादित बनाउनका लागि वैदेशिक रोजगारीमा गएको वा फर्किएको व्यक्तिको तथ्याङ्क सङ्कलन गरिनेछ ।
  - वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई नगरपालिकासंगको साझेदारीमा व्यापार, व्यवसाय तथा आयआर्जनका क्रियाकलापहरु गर्न प्रोत्साहन गरिनेछ ।
  - रोजगार सेवा केन्द्रलाई जनमुखी उत्तरदायी र जवाफदेही संस्थाको रुपमा विकास गरिंदै लगिनेछ ।
  - गौशाला नगरपालिकाको नेतृत्वमा सञ्चालित सुरक्षित आप्रवासन परियोजना (सामी) लाई उच्च प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
  - आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्शाङ्कन गरिनेछ ।

- दक्ष,क्षमतावान र प्रतिस्पर्धी जनशक्ति उत्पादन तथा आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न बेरोजगारहरुलाई आवश्यक सीपमूलक एवं रोजगारमूलक तालिमको व्यवस्था मिलाईनेछ ।
- श्रम बजारको माग अनुसारको दक्ष जनशक्तिहरुलाई सूचिकृत गरी नगरपालिकाभित्रै रोजगारीमा स्थानान्तरण गर्ने व्यवस्था मिलाईनेछ ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र शोषण मुक्त बनाउन बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको सहजताको लागि श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिको लागि थप आवश्यक कार्यका लागि वैदेशिक रोजगारी बोर्डसंग सहकार्य गरिनेछ ।
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुमा नगरपालिकाको साझेदारीसंगै अन्य सरोकारवालाहरुसंग साझेदारीका लागि आवश्यक पहल गरिनेछ ।
- नेपाल सरकारबाट जारी गरिएको एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन सम्बन्धी कार्यविधिलाई पालिकामा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- बैदेशिक रोजगारबाट फिर्ता आएका श्रमिकहरूको सीप पहिचान गरी स्वरोजगार मुलक कार्यमा संलग्न गराउन पहल गरिनेछ साथै स्वरोजगार मुलक कार्यमा संलग्न स्थानीय यूवा उद्यमीहरूलाई प्रोत्साहित गरिनेछ ।
- संघ तथा प्रदेशले ल्याएको रोजगार मुलक कार्यक्रमलाई अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र बिस्तार गरिनेछ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगार प्रवर्द्धन गर्न बेरोजगार व्यक्तिलाई तालिम प्रदायक संस्थाहरूसंग समन्वय गरी तालिम प्रदान गरिनेछ ।

**७. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनः**

- नगरभित्र पर्यटन प्रवर्द्धनका सम्भावनाहरूको अध्ययन गरी पर्यटन विकासलाई जोड दिईनेछ।
- वडा नं १२ पडरियाको नजदीक बाँके खोलामा रहेको वनको सौन्दर्यकरण गरी पर्यटकीय स्थल तथा पिकनिक स्पटको रुपमा विकसित गरी दूरदराज सम्मका आन्तरिक र बाह्य पर्यटकहरुलाई आकर्षित गरिनेछ ।
- दलित समुदाय अन्तर्गतका बिभिन्न उप जातहरुको पहिचानका रुपमा रहेका सीप, कला, संगीत तथा वाद्यवादन, औजार र पेशाको स्थानीय सरकारमा सूचीकरणको व्यवस्था गर्दै संरक्षण र सम्वर्द्धन गर्न कार्यक्रमहरु लागु गर्दै लगिनेछ ।
- पचाईन पोखरी तथा पार्क निर्माणको अधुरो कार्यलाई अगाडि बढाइनेछ ।
- गौशाला नगरपालिकाक ठूला पोखरीहरुलाई पर्यटन विकाससंग जोड्नका लागि पोखरी सौन्दर्यीकरणको सम्भाव्यता अध्ययन गरिनेछ ।
- निगौल ठाकुर र रजखोर पोखरीको सौन्दर्यीकरणको सम्भाव्यता अध्ययन गरी आवश्यक बजेट विनियोजन गरिनेछ ।
- गौशाला नगरपालिका अन्तर्गतको रूपनी क्षेत्रमा सिंचाई तथा पर्यटन विकासका लागि भैरहेको संभाव्यता अध्ययनलाई पूर्णता दिइनेछ।

**८. उद्योग तथा वाणिज्यः**

- नगरभित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको प्रवर्द्धन र विकासमा जोड दिइनेछ।
- गौशाला नगरपालिका वडा नं ८ मा निर्माणाधीन औद्योगिक ग्राम (INDUSTRIAL VILLAGE) को निर्माण सम्पन्न गर्न संघीय सरकारसंग समन्वय गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ।
- कृषिमा आधारित उद्योग स्थापना र संचालनमा प्रोत्साहन गरिनुका साथै नगर भित्रका सहकारी संस्थाहरूलाई साना तथा मझौला उद्योग संचालनका लागि प्रोत्साहन गरिनेछ।

**९. सहकारी र वित्तीय क्षेत्रको विकासः**

- आप्रवासी बहुउद्देश्य सहकारी संस्था स्थापना गरी बैदेशिक रोजगारीमा जाने परिवारहरूलाई आवश्यक सहयोग गर्न आवद्ध गरिनेछ ।
- नगरपालिकामा सहकारी संस्था सम्बन्धी नीति, कानून र आवश्यकता अनुसार मापदण्ड तयारी गरी कार्यान्वियन र नियमन गर्ने नीति लिइनेछ ।
- सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्डको निर्माण तथा प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ ।
- प्रत्येक वडामा सहकारी सुपथ मूल्य पसल स्थापना गर्न पहल गरिनेछ ।
- नगरपालिकामा बहुउद्देश्यीय सहकारी संस्था बनाई जनतामा छरिएर रहेको पूँजीलाई केन्द्रित गरिनेछ ।
- अन्तरनगर वित्तीय सहायताबाट काम गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरका तर्फबाट छिमेकी नगरपालिका, गाउँपालिका तथा छिमेकी देशसंग भगिनी सम्बन्ध कायमगर्ने नीति लिइनेछ ।

## पुर्वाधार विकास क्षेत्र

**१०. सडक तथा सार्वजनिक सम्पदातर्फको विकास निर्माण :**

- सार्वजनिक सुनुवाईमार्फत भौतिक पूर्वाधार विकासमा आवश्यक बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
- गौशाला नगरभित्र रिङ्गरोडको निर्माण कार्यलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- नगरभरीमा आवश्यकता अनुसार कालोपत्रे तथा ढलान सडकहरुको निर्माण तथा स्तरोन्नति गर्दै जनजीविकालाई सहज बनाईनेछ ।
- दलित समुदायको लागि सार्वजनिक भवन निर्माणको व्यवस्था गरिनेछ ।
- कृषि सडकहरुको विस्तार गर्दै कृषि सडकमा हिलो र पानी जम्न नदिन आवश्यकता अनुसार सडक ग्राबेल गरिने नीति लिइनेछ ।
- कृषकहरुको खेतमा पानी जम्न नदिन आवश्यक ठाउँमा ह्युम पाइप जडान र नाला निर्माण गरिनेछ ।
- नगरभरी सबै वडाका बजार क्षेत्रमा स्ट्रीट लाइट/सोलार स्ट्रीट लाइट तथा सिसि टिभी जडान गरिने कार्य अगाडी बढाइनेछ ।
- नगरभित्रमा सवारी साधन रोकिने ठाउँमा आवश्यकता अनुसार बस बिसौनी निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- नगरभित्रका बजार क्षेत्र व्यवस्थापन गर्न आवश्यकता अनुसार ट्रस निर्माण गर्दै लगिनेछ ।
- नगरभरी विभिन्न स्थानमा रहेका सडक, धारा, कूलो, नाला, कल, मन्दिर, धर्मशालाजस्ता सार्वजनिक सम्पदाको निरन्तर मर्मत सम्भार गरी अद्यावधिक अवस्थामा राखिनेछ ।
- नगरपालिका केन्द्रबाट सबै वडा कार्यालयसम्म जोड्ने मुख्य सडक कालोपत्रे गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरपालिकामा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयनगरिनेछ।
- नगरभित्रका ऋमागत योजनाहरूलाई ऋमश पूर्णता दिईनेछ ।
- गौशाला बजारमा एक बहु उद्देश्यीय व्यवसायिक भवन निर्माण गर्न आवश्यक प्रक्रिया पूरा गरी नगर विकास कोष संग सहुलियत ऋण लिन पहल गरिनेछ ।
- अपराधको दर घटाउन नगरभित्रका आवश्यक क्षेत्रहरूमा CCTV क्यामेरा जडान गरिनेछ ।
- अन्तर नगरपालिका जोड्ने सडकहरुलाई संघीय सरकार र प्रादेशिक सरकारसंग समन्वय गरी अगाडि बढाईनेछ।
- गौशाला नगरपालिकामा साझेदारीमा कार्यक्रमहरु सञ्चालनका लागि म्याचिङ्ग फण्डको व्यवस्था गरिनेछ ।

**११. भवन तथा सहरी विकासः**

- सार्वजनिक तथा नीजि घर निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डलाई अनिवार्य रूपमा लागु गरिनेछ।
- नगरभित्र रहेका खरको छानो विस्थापित गरी जस्ता पाता र टायलको छाना छाउने व्यवस्था मिलाइनेछ ।
- वडा कार्यालयहरूको लागि क्रमशः वडा कार्यालय भवन निर्माण गरिदै लगिनेछ ।

**१२. सूचना तथा सञ्चार :**

- वडा तथा पालिकास्तरमा विभिन्न विषयको तथ्याङ्कहरु संकलन गरी गौशाला नगरपालिकाको डिजिटल नगर प्रोफाइल तयार गरिनेछ ।
- सबै प्रकारका सूचना माध्यममा जनताको पहुँच पुऱ्याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिस्पर्धी बनाउने नीति अवलम्वन गरिनेछ।
- नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सचेतना र पैरवी गर्न विद्युतीय र छापा संचारमाध्यमसंग सहकार्य गरिनेछ।
- नगर क्षेत्रमा पत्रकारिताको विकास तथा परिमार्जन एवम् पेशागत दक्षताका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ
- नगरमा जनगुनासोलाई सम्बोधन गर्न निशुल्क टोल फ्रि सम्पर्क नं जडान गरी हेलो गौशाला संचालन गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयबाट कम्प्युटर प्रणालीद्वारा राजस्व संकलन गर्दै आएको कार्यलाई निरन्तरता दिदै e-payment सिस्टमलाई राजस्व संकलन प्रणालीमा आवद्ध गरी नागरिकलाई छिटो, छरितो र सुविधा युक्त तरिकाले राजस्व भुक्तानी गर्न सकिने व्यवस्था गरिनेछ।

**१३. उर्जा तथा वैकल्पिक उर्जा विकास कार्यक्रम :**

- गौशाला नगरपालिका भित्रका नगरवासीलाई खाना पकाउन प्रयोग गरिने एलपीजी ग्यासको बिकल्पको रूपमा विद्युतीय चुलो तथा विद्युतीय उपकरणहरूको प्रयोगमा बिशेष जोड दिन प्रोत्साहन गरिनेछ ।
- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंगको सहकार्यमा नगरपालिका क्षेत्रभित्र वैकल्पिक उर्जाका विभिन्न श्रोतहरुको पहिचान गरी सुधारिएको चुलो, होम बायोग्यास, सोलार बत्ती जस्ता प्रविधीको प्रयोगमा जोड दिईनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

**१४. वन तथा भु-संरक्षण :**

- सार्वजनिक खाली जग्गा, नदी उकास क्षेत्रको पहिचान र संरक्षण गरी उक्त क्षेत्रको समुचित उपयोगबाट आयआर्जन गर्नुका साथै खोला बगर क्षेत्रलाई स्वच्छ सुन्दर बनाउन फलफुल तथा वोटबिरुवाहरू रोपी संरक्षणको व्यवस्था मिलाइनेछ ।
- जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गरिनेछ ।

**१५. जल उत्पन्न प्रकोप नियन्त्रणः**

- गौशाला नगरपालिका भित्रका नदिनालाहरूलाई तटबन्ध गर्न प्रधानमंत्री रोजगार कार्यक्रमसंग साझेदारी गर्दै कार्यक्रम गरिनेछ ।
- नगरपालिकामा बढि जोखिम तथा धनजनको क्षति हुनसक्ने संभाव्यताको अध्ययन गरी मानव बस्ती संरक्षणका लागि नदी नियन्त्रण र तटबन्ध मार्फत जल उत्पन्न प्रकोप व्यवस्थापनलाई संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्थासंगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ।

- नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलता समेतलाई आधार मानी अध्ययन, अनुसन्धान गरी कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ।
- चुरे संरक्षण विकास तथा ज्ञान केन्द्र निर्माणको अवधारणा अनुसार सरोकारवाला संघसस्थाहरुसंग समन्वयमा कृषि चुरे वन क्षेत्रको संरक्षण गरी जीविकोपार्जनमा सहयोग पुर्याईनेछ ।

**१६. विपद् व्यवस्थापन :**

- सम्भावित प्राकृतिक जोखिम व्यवस्थापन पूर्व तयारीका लागि आवश्यक सामाग्री तथा राहत वितरणका लागि विपद व्यवस्थापन कोषको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
- विपद् व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना निर्माणगरी नगरपालिकाबाट कार्यान्वयन र नियमन गरिनेछ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य, पुनः स्थापना योजना, खोज तथा उद्धार, राहत सामग्रीको भण्डारण र वितरण कार्यको लागि विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाईनेछ।
- संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्र र राष्ट्रिय/अन्तरराष्ट्रिय गैर सरकारी संस्थाहरुसंगको सहयोग, समन्वय र सहकार्यमा विपद् जोखिम क्षेत्रको नक्शाङ्कन, बस्तीहरूको पहिचान र स्थानान्तरण गरिनेछ ।
- विपद व्यवस्थापनमा जलवायु परिवर्तन, अनुकूलन तथा प्रकोप व्यवस्थापनको कार्यक्रम संचालन गरिनेछ साथै गरिदैं आएको कार्यलाई निरन्तरता दिईनेछ।

**१७. सुशासन तथा संस्थागत विकास**

- संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनका आधारमा स्वीकृत संगठन संरचना अनुसार आवश्यक कर्मचारी प्रदेश लोक सेवा आयोगमार्फत व्यवस्थापन गरिनेछ ।
- जनप्रतिनिधी, कर्मचारी तथा शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न तालिम तथा अध्ययन- अवलोकन भ्रमणहरूको आयोजना गरिनेछ साथै नगर प्रहरीहरुलाई आगामी आ व देखि दुर्घटना बीमा गर्ने व्यवस्था मिलाईनेछ ।
- कर्मचारी प्रशासनलाई क्षमता विकासका तालिम तथा नवीनतम प्रविधिको ज्ञानमार्फत प्रतिष्पर्धी र प्रभावकारी बनाईनेछ । साथै कर्मचारीहरुको बहुआयामिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्यसम्पादन गर्ने जिम्मेवारी दिइनेछ ।
- कार्यालयको कार्यबोझलाई घटाउन तथा सेवा प्रवाहलाई छिटोछरितो र पारदर्शी बनाउन सूचना प्रविधीको प्रभावकारी प्रयोग लाई बढाउँदै लैजाने नीति लिईनेछ।

**१८. राजस्व परिचालन :**

- नगरपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यावसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।
- सबै आर्थिक क्रियाकलापलाई करको दायरमा ल्याई राजस्वको आधार फराकिलो बनाउने तथा आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गरिनेछ ।
- करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील बनाउन अन्तरक्रिया, छलफल र परामर्श गोष्ठी लगायत विभिन्न कार्यक्रमहरु गरिनेछ।
- नगरपालिकाभित्रका उद्योग कलकारखानाहरुलाई करको दयारामा ल्याईनेछ ।

**१९. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण :**

- स्थानीय सरकारको कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुनेछ।
- विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरी प्रभावकारी नियमन गर्न सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ ।

**२०. गौशाला नगरपालिका भु-उपयोग नीति :**

- राष्ट्रिय भूमी आयोगसंग भएको कार्य सहमति पत्र अनुसार भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने कार्य प्रभावकारी रुपमा अगाडि बढाउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- संविधान को धारा ४० बमोजिम, लगत संकलन गरि दलित समुदायका व्यक्ति लाई एकपटक का निम्ति जमिन उपलब्ध गराउने ब्यबस्था को लागि आवश्यक सहजीकरण यथा शिघ्र गरिनेछ ।
- जनता आवास कार्यक्रम को प्रभावकारी कार्यान्वायन गर्न सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- जोखिम युक्त स्थानमा वसोवास रहेको दलित घरधुरीको पहिचान गरि स्थानान्तरण गरिनेछ ।
- कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षणलाई सुनिश्चित गरिनेछ।
- नगरपालिका भित्र स्थापित मालपोत र नापी कार्यालयलाई पूर्ण व्यवस्थित बनाई सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**२१. गौशाला नगरपालिकामा न्यायिक समितिसम्वन्धी काम र प्रस्तावना :**

- न्यायिक समितिले प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि तय गरी स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्यायप्रतिको जनविश्वास कायम राखिनेछ ।
- नगरवासीलाई छिटो छरितो, पहुँचयोग्य र प्रभावकारी न्याय सेवा प्रदान गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- न्यायिक कार्य संचालन गर्न न्यायिक समिति, मेलमिलाप कर्ताहरूलाई तालिमको व्यवस्था गरिनेछ।
- न्यायिक समितिको कार्य संचालन गर्दा गौशाला नगरपालिकाको न्यायिक कार्य सम्पादन सम्बन्धी बनेको कार्यविधि बमोजिम गरिनेछ।

**नगरसभा सदस्यज्यूहरु,**

प्रस्तावित नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु गर्न सकिएमा कार्यक्रमको कार्यान्वयनको सुनिश्चितता, पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएको छु । प्रस्तुत नीति, कार्यक्रम तथा बजेटबाट नगरवासीका आधारभूत आवश्यकताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग क्षेत्र तथा समूहहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धनमार्फत स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएको छु ।

आगामी आर्थिक वर्षको प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नुहुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, माननीय पूर्व सांसदज्यूहरु, विभिन्न राजनितिक दलका पदाधिकारीज्यूहरु, वडा अध्यक्षज्यूहरु विभिन्न समितिका संयोजकज्यूहरु, नगर सभा सदस्यज्यूहरु, नीजि तथा विकास साझेदार सस्थाका महानुभावहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजिवी एवम् सञ्चारकर्मी, नगरको समग्र विकासमा सहयोग पुर्याउनु हुने नगरवासीहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्त्यमा, नगरको विकास र सम्वृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतिमा सकिय रहनुहुने सबैबाट यस नीति कार्यक्रम तथा बजेटको सफल एवम् प्रभावकारी कार्यान्वयनका लागि सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै सम्बद्ध सबै पक्षप्रति हार्दिक आभार गर्दछु । वर्तमान वस्तुगत यथार्थ र धरातलमा उभिएर आफ्नो नगरपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानी समग्र चुनौतीहरुको सामना गर्न कटिबद्ध, प्रतिबद्ध र एकताबद्ध हुँदै गौशाला नगरवासीहरुको उज्ज्वल भविष्य निर्माणको लागि कामना गर्दछु ।

**धन्यवाद !**

## गौशाला नगरपालिकाको आ. व. २०८०/०८१ को बजेट वक्तव्य

*सभा अध्यक्षज्यू*

*प्रमुख अतिथि ज्यू*

*बिशेष अतिथि ज्यूहरू,*

*अतिथि ज्यूहरु,*

*नगरसभाका सदस्यज्यूहरु,*

*पत्रकारज्यूहरु,*

*उपस्थित सबै कर्मचारीहरु ।*

नेपाल एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा रहिआएको छ । विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका बलिदानीपूर्ण जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत अन्य सबै आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई जनताले संवैधानिक रुपमा परिवर्तनको अनुभुति गरिरहेका छन् । हाल मुलुकमा सिर्जित प्रतिकूल आर्थिक अवस्थाले राजस्व परिचालनमा पारेको प्रभाव, सिमित आन्तरिक स्रोत र संघीय अनुदानमा भएको गिरावटका कारण समग्र राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक प्रभाव देखिएको अवस्थामा गौशाला नगरपालिका पनि यस परिस्थितिबाट अछुतो नरहेको सर्वविदितै छ । यस जटिल परिस्थितिमा आम नगरवासीको स्वास्थ्य, शिक्षा, जिविकोपार्जनको क्षेत्रलाई प्राथमिकतामा राखी नगरमा विकास निर्माणको कार्य अघि बढाउनुका साथै अर्थतन्त्रलाई समेत अपेक्षित दिशातर्फ उन्मुख गराई आर्थिक विकासलाई  कायमै राख्ने कार्य जटिल र चुनौतीपूर्ण अवश्य छ ।

**सभा अध्यक्षज्यू,**

राजनैतिक आन्दोलनबाट प्राप्त सबै खाले अधिकारलाई नेपालको संविधानले संस्थागत गरी सकेको यस महत्वपूर्ण घडीमा अव हामीले गौशाला नगरवासीका आवश्यकता, चाहना र भावनालाई केन्द्रविन्दुमा राखी गौशाला नगरपालिकाको नीति कार्यक्रमहरुलाई व्यवस्थित एवं मर्यादित रुपमा अगाडि बढाउन जरुरी भएकोले गौशाला नगरपालिकाले जारी गरेको नीति तथा कार्यक्रमलाई कार्यान्वयनमा लैजान यस गरिमामय सभा समक्ष आर्थिक बर्ष २०८०।०८१ को बजेट प्रस्तुत गर्न उपस्थित छु र अनुमति चाहन्छु ।

**सभाअध्यक्ष ज्यू,**

गौशाला नगरपालिकाको आ. व. २०८०/०८१ को अनुमानित बजेट यस गरिमामय दशौं नगरसभा समक्ष पेश गर्न पाउँदा मलाई खुशी लागेको छ। प्रस्तुत बजेट तर्जुमा गर्न मार्ग निर्देशन गर्नु हुने नगर प्रमुखज्यू, प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण पदाधिकारीज्यूहरु, सम्पूर्ण राजनीतिक दलका पदाधिकारीज्यूहरु, नीजि तथा विकास साझेदार सस्थाका महानुभावहरु, वडा अध्यक्षज्यूहरु, नगर कार्यपालिका सदस्यज्यूहरु, विभिन्न समितिका संयोजकज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारी, बुद्धिजीवी र नगरको समुन्नत विकासमा टेवा पुर्याउनु हुने नगरवासीहरु सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**सभा अध्यक्षज्यू,**

**आर्थिक बर्ष २०८०/०८१ को लागि आय तर्फ निम्न बमोजिमको बजेट अनुमान गरेको छु :-**

संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान १५ करोड ६६ लाख, संघीय राजस्व बाडँफाडँ तर्फ १४ करोड ४७ लाख १९ हजार, संघीय सर्शत तर्फ २८ करोड ४७ लाख, संघीय बिशेष र समपूरक अनुदान ४ करोड ४० लाख, प्रदेश सरकारको अनुदान तर्फ वित्तीय समानिकरण अनुदान १ करोड ३४ लाख २६ हजार, बिशेष अनुदान ३० लाख, समपूरक अनुदान २० लाख, राजस्व बाँडफाँडतर्फ १ करोड ७५ लाख, आन्तरिक आय तर्फ ४ करोड ६६ लाख ७५ हजार, अल्या रकम १५ करोड, आन्तरिक राजस्व बाँडफाँडतर्फ ४ करोड गरी कुल रकम रु. ९० करोड ७६ लाख २० हजार को आय अनुमान गरेको छु ।

अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने आम नागरिक, करदाता, नगरको हित र समृद्धिका लागि योगदान पुर्याउनु हुने सबै विकास साझेदार, सरकारी, गैर सरकारी सामुदायिक संघ-संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दै यस बजेटको सफल कार्यान्वयमा खुल्ला हृदयबाट  सबैको सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद !**

## गौशाला नगरपालिकाको आ. व. २०८०/०८१ को संक्षिप्त बजेट अनुमान

| विवरण | आन्तरिक स्रोत | राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम | वित्तीय समानीकरण अनुदान | सशर्त अनुदान | बिशेष / सम्पूरक अनुदान | कूल बजेट |
|---|---|---|---|---|---|---|
| संघ | - | १४,४७,१९,००० | १५,६६,००,००० | २८,४७,००,००० | ४,४०,००,००० | ६३००१९००० |
| प्रदेश | - | १,७५,००,००० | १,३४,२६,००० | ५०००००० | ५०,००,००० | ४०९२६००० |
| आ. श्रोत | ४,६६,७५,००० | ४,००,००,००० | - | - | - | ८६६७५००० |
| अ. ल्या. | १५,००,००,००० | - | - | - | - | १५००००००० |
| जम्मा | १९,६६,७५,००० | २०२२१९००० | १७,००,२६,००० | २८९७००००० | ४९०००००० | ९०७६२०००० |